# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**केन्द्रिय कार्यालय Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

वैशाख १२, २०७७

### भरपर्दो र तीब्र स्वास्थ्य परीक्षणमा ध्यान दिन आग्रह ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को नियन्त्रण र रोकथामका लागि भएको लकडाउनका बाबजुद केही दिन यता उदयपुरलगायतका जिल्लाका समुदायमा कोभिड-१९ को संक्रमण फैलिएकोले थप सतर्कता अपनाउनुपर्ने अवस्था सिर्जना भएको छ । संक्रमितहरुको संख्या बढ्दै गएको परिस्थितिमा संक्रमितहरुको परीक्षण कतिपय स्थानमा सुचारु रुपमा हुन नसकी न्यून संख्यामा भएकोप्रति आयोगको ध्यानाकर्षण भएको छ । आरडिटी परीक्षण संख्यात्मक रुपले पिसिआरभन्दा बढी भए तापनि अन्य देशको अनुभवले पनि आरडिटी प्रविधि भरपर्दो नभएको तथा पिसिआर प्रविधिको परीक्षणपछि मात्र वास्तविक संक्रमित भए नभएको यकीन हुने हुँदा पिसिआर परिक्षण र कण्ट्याक्ट ट्रेसिङलाई तीब्रता दिन आयोग आग्रह गर्दछ ।

कोभिड-१९ रोकथामको लागि सामाजिक दूरी नै प्रमुख आधार भए तापनि लकडाउनको पूर्ण रुपमा पालना नभएको आयोगको केन्द्र, प्रदेश र जिल्लास्तरका अनुगमन समितिको अनुगमनबाट देखिएको छ । काठमाडौं उपत्यका र विभिन्न शहरहरुबाट मानिसहरु भिडभाड गरी गन्तव्यतर्फ लाग्नु, तराइका कतिपय जिल्लामा भीडभाडयुक्त हाटबजारहरु यथावत सुचारु हुनु, निश्चित समय खुल्ने गरेका खाद्यान्न पसलहरुमा पनि मानिसहरुको भीड लागी एक आपसको दूरी कायम हुन नसकेको जस्ता स्थितिले संक्रमणको जोखिम थप बढ्न जाने देखिन्छ । अतः यसप्रकारको भीडभाड नगरी एक आपसमा सतर्कतापूर्वक दूरी कायम गरी लकडाउनको पालना गर्न/गराउन आयोग सबै सरोकारवालाहरुलाई अपील गर्दछ ।

महामारीको स्थिति दिनप्रतिदिन बढ्दै गइरहेको अवस्थामा अस्पतालहरुमा पर्याप्त मात्रामा भ्याण्टिलेटर, आइसोलेशन वार्ड, पिपिई, आवश्यक औषधीलगायतको अभाव हुनसक्ने तर्फ विचार गरी सोको पर्याप्त व्यवस्था गर्न आयोग आग्रह गर्दछ । साथै, लकडाउनको अवधिमा राहत वितरणमा देखिएका समस्याहरुको उचित व्यवस्थापन गर्न, अपाङ्ग, अशक्त, गर्भवती, ज्येष्ठनागरिक, बालबालिका, कैदीबन्दी, सुकुम्बासी तथा अति विपन्न वर्गका लागि राहतमा विशेष ध्यान पुर्‍याउन, लकडाउनको अवधिमा बढ्दै गएका महिला हिंसाको न्यूनीकरणका लागि प्रभावकारी कदम चाल्न, क्वारेण्टाइनभित्रको व्यवस्थापनलाई थप व्यवस्थित गर्न तथा सीमानामा आई लामो समयदेखि क्वारेण्टाइनमा बसेका नागरिकहरुको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश पालना गरी मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि संघ, प्रदेश र स्थानीय सरकार बीच आवश्यक समन्वय हुन समेत आयोग आग्रह गर्दछ ।

......................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org